आज मिति २०८२।०१।२९ गते (ने.स.११४५ बछलाथ्व पुन्हि) सोमबारका दिन विहान ११:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को २२ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| | | |
| | | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८२।०१।२९ गते

समय : विहान ११:०० बजे

कार्यपालिका बैठक्को एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०१।२५ गते

**मिति २०८२।०१।२९ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १ : पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा

प्रस्ताव नं २ : पर्यटन महोत्सव ( अन्नपूर्ण डे) मनाउने सम्बन्धमा,

प्रस्ताव नं ३ : शैक्षिक क्यालेन्डर स्वीकृत गर्ने सम्बन्धमा

प्रस्ताव नं ४: आर्थिक सहायता गर्ने सम्बन्धमा

विविध प्रस्तावहरु

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १ :

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समिक्षा गर्दा तपसिलको अनुसार गर्ने गरी पुर्व निर्णयहरु समीक्षा गरियो ।

१) चालु आ.व.को गाउँसभाको १९ औ अधिवेसनबाट **'पर्यटकीय क्षेत्रको नक्सा प्रिन्ट'** शिर्षकमा रु २ लाख विनियोजन गरेकोमा उक्त बजेट नक्सा प्रिन्टको लागि अपुग हुन देखिएकाले 'कर्मचारी तालिम खर्च' शिर्षकबाट रु १ लाख रकमान्तर गरी **'पर्यटकीय क्षेत्रको नक्सा प्रिन्ट'** मा रु ३ लाख बनाउने र रकमान्तर आगामी गाउँसभाको अधिवेशनबाट अनुमोदन गर्ने ।

२) जिल्ला समन्वय समिति म्याग्दीमा रहेको म्यौज्दात कोषबाट स्थानीय तहहरुसंगको साझेदारीमा आयोजना सञ्चालन गर्न आयोजना माग भएकोमा गाउँसभाको२० औ अधिवेशनले वडा नं ८ राम्चेको **'वडा कार्यालय भवन पूर्वाधार निर्माण योजना'** मा रु ४ लाख विनियोजन गरिएकोमा जिल्ला समन्वय समितिबाट रु ४ लाख माग गरि एकिकृत रुपमा ८ लाखको लागत अनुमान गरि कार्यान्वयन गर्ने ।

३) गाउँपालिकाको आ.व. २०८१।८२ स्वीकृत कार्यक्रम **'घोरेपानी आमा समूह प्रवर्द्धन कार्यक्रम '** अन्तर्गत रु ३,००,०००/- (तीन लाख विनियोजन) भएकोमा सो शिर्षकबाट उक्त आमासमूहलाई परम्परागत मगर ड्रेस खरिद गरिदिने ।

४) गण्डकी प्रदेश सरकारद्वारा आ.व. २०८१।८२ मा पूर्वाधार विकास कार्यालय म्याग्दीद्वारा कार्यान्वयन हुने गरी स्वीकृत भएको रु २०,००,०००/- ( अक्षेरुपी बीस लाख) बजेटको **'घोडेपानी देखी कास्की उल्लेरी जाने मोटरबाटो स्तरोन्नती'** आयोजना यस गाउँपालिकामा हस्तान्तरण भइ आएकाले उक्त आयोजना कार्यन्वयनको लागि तत्कालै उपभोक्ता समिति गठन गरी घोडेपानी देखि उल्लेरी जोड्ने मोटरबाटो विस्तार गर्ने ।

निर्णय नं २:

प्रस्ताव नं २ उपर छलफल गर्दा फ्रान्सेली आरोही मौरिस हर्जोग र लुइ लाशनालद्वारा सन् १९५० जुन ३ ( वि.स. २००७ जेठ २० गते) अन्नपर्ण गाउँपालिका वडा नं ४ नारच्याङ म्याग्दीस्थित अन्नपूर्ण प्रथम (८०९१ मि.) सफल आरोहणको ७५ औं वार्षिकोत्सब (हिरक महोत्सव) भव्य रुपमा मनाउने सन्दर्भमा तपसिल बमोजिम गर्ने ।

१) ७५ औं वार्षिकोत्सव (हिरक महोत्सव) को लागि डिजाइन गरिएको लोगो स्वीकृत गर्ने र उक्त लोगो गाउँ कार्यपालिका अन्तर्गत रहेका सम्पूर्ण कार्यालयहरुको लेटर हेडमा आगामी २०८३ जेठ १९ (२ जुन २०२६) गतेसम्म प्रयोग गर्ने, साथै नेपाल सरकार र गण्डकी प्रदेश सरकारलाई समेत लेटर हेडमा लोगो प्रयोगको लागि अनुरोध गर्ने।

२) ७५ औं वार्षिकोत्सब (हिरक महोत्सव) विशेष कार्यक्रम भव्य रुपमा मनाउनका लागि अन्नपूर्ण गाउँपालिकामा २०८२ जेठ २० (जुन ३ २०२५) गतेका दिन सार्वजनिक विदा दिने ।

३) ७५ औं वार्षिकोत्सव (हिरक महोत्सव) मुल समारोहको लागि सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने, साथै संघ/प्रदेशका मन्त्रीज्यूहरु, आयोग, कुटनैतिक नियोग, माननीयज्यूहरु, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना भित्रका सबै पालिका प्रमुख/अध्यक्षज्यूहरु, व्यवसायी, पत्रकार लगायतलाई आमन्त्रण गर्ने ।

४) यस ७५औ बार्षिक उत्सव मनाउनको लागि गाउँपालिकामा रहेको तपसिल बमोजिमको शीर्षक रकमान्तर गरी अन्नपूर्ण पर्यटन महोत्सव (अन्नपूर्ण डे) कायम गरी आगामी गाउँसभाको अधिवेशनबाट अनुमोदन गर्ने ।

तपसिल

| क्र.स. | रकम संशोधन गर्नुपर्ने चालु आ.व.को स्वीकृत कार्यक्रम | स्वीकृत रकम | रकम थप वा संशोधन गर्ने नयाँ कार्यक्रमको नाम | विनियोजित बजेट (सशोधित) |
|---|---|---|---|---|
| १ | पुर्ख्यौली संरक्षण कार्यक्रम | १२,००,०००।- | पुर्ख्यौली संरक्षण कार्यक्रम | २,००,०००।- |
| २ | पर्यटन महोत्सव | ७,००,०००।- | पर्यटन महोत्सव (अन्नपूर्ण डे) | १७,००,०००।- |

५) नेपाल सरकार र गण्डकी प्रदेश सरकारलाई संयुक्तरूपमा ७५ औं वार्षिकोत्सब (हिरक महोत्सव) को अवसरमा सतवार्षिकी मनाउने गरि २५ बर्षको विशेष कार्यक्रमहरु; साहसिक पर्यटन आकर्षण, जलवायु परिवर्तन, वातावरण, हिमाली जनजीवन सुधार, हिमालको संरक्षण प्रवद्र्धन, आरोहण शिक्षालय स्थापना आदि घोषणा गर्न अनुरोध गर्ने। साथै अन्नपूर्ण प्रथम (८०९१ मि.) आधारशिविर सम्म भौतिक संरचनाहरु पदमार्ग मर्मत संभार, खानेपानी, शौचालय, आवास, संचार सुविधामा पहुच सहित अन्नपूर्ण गाउँपालिका वडा नं. ४ नारच्याङमा मोरिस हेर्जोग र लुई लाशनाल स्मृति हिमालय पार्क निर्माणका लागि यथेष्ट बजेट विनियोजनको लागि अनुरोध गर्ने ।

६) यस ७५औं वार्षिकोत्सब (हिरक महोत्सव) कार्यक्रमको लागि खर्च अनुमान रु ३७,५०,००० (रु सैतीस लाख पचास हजार) गरिएको छ। गाउँपालिकाबाट रु १७,००,००० (सत्रलाख र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना बाट रु ५,००,०००।- पाँचलाख गरि जम्मा रु २२,००,०००।- बाईस लाख रकम व्यवस्था भएको, बाँकी अपुग रु १५,५०,०००।- ( अक्षेरुपी पन्ध्र लाख पचास हजार) आर्थिक सहयोगको

लागि प्रदेश सरकार, जलविद्युत आयोजना, बैंक तथा वित्तीय संस्था लगायतमा अनुरोध गर्ने ।

७) मिति २०८१।०१।२१ गते बसेको अन्नपुर्ण पर्यटन विकास समितिले अन्नपुर्ण पर्यटन महोत्सव (अन्नपूर्ण डे) लाई सभ्य र भव्य रुपले सञ्चालन गर्न तेज बहादुर गुरुङको संयोजकत्वमा गठन भएको **अन्नपुर्ण पर्यटन महोत्सव (अन्नपूर्ण डे) मुल आयोजक समितिलाई** कार्यक्रमको प्रस्तावना पेश गर्न लगाई स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने। उल्लेखित कार्यक्रममा तपसिल बमोजिमका खेलाडी, आमा समूहहरु लगायतलाई तपसिलको दरमा पुरस्कार दिने ।

तपसिल :

| क.स | वडा/गाउँ | रकम | कैफियत |
|---|---|---|---|
| १ | दोवा पुख्यौली नृत्य समूह | ६२,५०० | कर सहित |
| २ | भूरुङ्ग तातोपानी पुख्यौली नृत्य समूह | ४३,७५० | कर सहित |
| ३ | दाना पुख्यौली नृत्य समूह | ४३,७५० | कर सहित |
| ४ | नारच्याङ्ग पुख्यौली नृत्य समूह | ३१,२५० | कर सहित |
| ५ | शिख पुख्यौली नृत्य समूह | ६२,५०० | कर सहित |
| ६ | खिबाङ्ग पुख्यौली नृत्य समूह | ६२,५०० | कर सहित |
| ७ | हिस्तान पुख्यौली नृत्य समूह | ७५,००० | कर सहित |
| ८ | काफलडाँडा पुख्यौली नृत्य समूह | ८७,५०० | कर सहित |

**सामुहिक नृत्य प्रतियोगिता**

| क.स | बिजेता | पुरस्कार रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रथम | ३१,२५० | कर सहित |
| २ | द्वितिय | २५,००० | कर सहित |
| ३ | तृतिय | १८,७५० | कर सहित |

**माराथुन दौड प्रतियोगिता**

| क.सं. | विवरण | स्थान | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | दौड प्रतियोगिता | प्रथम | ६२,५०० | कर सहित |
| | | द्वितिय | ३७,५०० | कर सहित |
| | | तृतिय | २५,००० | कर सहित |
| | | सान्त्वना २० जना दौड प्रतियोगी | ११२,५०० | कर सहित |

रामप्रसाद शर्मा
...कीय अधिकृत

८) मिति २०८२।०२।२० गते सञ्चालन हुने पर्यटन महोत्सव (अन्नपूर्ण से) को लागी स्थानीय पर्यटन समिति र मूल आयोजक समितिले तपसिलको दरमा नबढ्ने गरी आर्थिक प्रस्ताव तयार गर्न लगाउने ।

तपसिल :

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | नारच्याङ्को कार्यक्रममा साउण्ड सिस्टम, लाईट, | २००,००० | |
| २ | गेट तथा मञ्च निर्माण व्यवस्थापन | २,००,००० | |
| ३ | अतिथी सत्कार | २००,००० | |
| ४ | खाजा र खाना खर्च ( क्याटरिङ समेत) | ६,००,००० | |
| ५ | घोडेपानी बसाई व्यवस्थापन | ३,००,००० | |
| ६ | मायाको चिनो | २,००,००० | |
| ७ | पुर्ख्यौली नृत्य तथा सामुयिक नृत्य | ६,००,००० | |
| ८ | फोटो भिडियो | १,५०,०००/- | |
| ९ | यातायात | २००,००० | |
| १० | प्रमाणपत्र छपाई तथा ब्याच तयारी | ३०,००० | |
| ११ | स्वयंसेवक परिचालन | ३,५०,००० | |
| १२ | सम्मान खर्च | २,००,००० | |
| १३ | म्याराथन दौड पुरस्कार | २,२०,००० | |
| १४ | स्थानीय परिचालन खर्च | १,५०,००० | |
| १५ | विविध खर्च | १,५०,००० | |
| | कुल जम्मा | ३७,५०,०००/- | |

**निर्णय नं ३:**

प्रस्ताव नं ३ उपर छलफल गर्दा मिति २०८२।०१।२५ गते गाउँपालिकाको शिक्षा अधिकृत गणेश बहादुर कटुवालको संयोजकत्वमा बसेको गाउपालिकास्तरीय प्र.अ. बैठकबाट कार्यपालिकामा अनुमोदनको लागि पेश भएको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

...साद शर्मा
...धिकृत

● (निर्णय नं २) प्रस्ताव नं २ सम्बन्धमा सामुहिक छलफल गरी शैक्षिक सत्र २०८२ को त्रैमासिक परीक्षा, चाडपर्व विदा, हिउदे र वर्षे विदा सम्बन्धमा देहाय बमोजिम गर्ने गरी आवश्यक व्यवस्थापन गरिदिन गाउँ शिक्षा समिति र गाउँ कार्यपालिका समक्ष सुझावको रुपमा पेश गर्ने निर्णय गरियो ।

**क) त्रैमासिक परीक्षा**

| त्रैमासिक परीक्षा | प्रथम | द्वितीय | अन्तिम /बार्षिक |
|---|---|---|---|
| समय तालिका | भदौ २ देखि ९ | पौष १-८ गते | चैत्र ८ गतेबाट सुरु |
| नतिजा प्रकाशन | भाद्र २५ गतेभित्र | पौष २५ गतेभित्र | चैत २५ गते भित्र |

ख) **हिउदे र बर्षे विदा-**

प्रचलित शिक्षा नियमावली अनुसार सहुलियत सरह प्राप्त हिउदे र बर्षे गरी मिति २०८२/०३/ २२ गते देखि मिति २०८२/०४ /१० सम्म २१ दिन र असोजमा पूर्णिमाको भोलिपल्ट अर्थात असोज २२ देखि कार्तिक १० गतेसम्म १३ दिन दिन गरी कुल ३४ दिनमात्र गाउँपालिका भरी हिँउदे र र बर्षे विदा गर्ने ।

ग) **चाडपर्व विदा:** बडा दशै, तिहार र अन्य चाडपर्व विदा सम्बन्धमा मौजुदा शिक्षा नियमावली, आ.ब. २०८२/०८३ का लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको राजपत्रमा प्रकाशित सूचना बमोजिम हुने ।

घ) एक शैक्षिक सत्रमा विद्यालय व्यवस्थापन समितिले गर्न सक्ने स्थानीय विदाको हकमा शैक्षिक सत्र सुरु भएको पहिलो महिनाभित्रै निर्णय गरी सार्वजनिक गर्नुपर्ने,

माथि उल्लेखित निर्णयानुसारका सम्पूर्ण कार्यक्रमहरुलाई शैक्षिक क्यालेण्डरमा उल्लेख गरी गाउँपालिका भरी एकरुपताका साथ लागु गर्ने र गराउने प्रतिवद्दता जाहेर गरियो ।

● **निर्णय नं ७(८)** सामुदायिक विद्यालयका लागि नेपाल सरकारबाट स्वीकृत भई राष्ट्रिय किताबखाना (शिक्षक) मा पद दर्ता भएको दरबन्दीमा कार्यरत शिक्षक सरुवा भई अन्यत्र गएमा वा अनिवार्य अवकाश भएमा वा मृत्यु भएमा वा स्वेच्छिक रूपमा अवकाश भएमा वा प्रचलित कानुनबमोजिम सेवाबाट हटाइएको वा बर्खास्त गरिएको भई सूचना विद्यालयमा प्राप्त भएमा वा नयाँ दरबन्दी थप भएको कारण पदपूर्ति गर्नुपर्ने हकमा मौजुदा शिक्षक सरुवा सम्बन्धि कार्यविधिको कारण हाम्रोजस्तो हिमाली जिल्लामा शिक्षक पदपूर्तिका लागि अधिक समय खर्च हुँदा विद्यार्थीको पठनपाठनमा गम्भिर असर पर्ने देखिएकोले रिक्त हुन आएको दरबन्दिमा विद्यालय व्यवस्थापन समितिले सरुवा गरि ल्याउने वा सिधै करारमा शिक्षक नियुक्तिका लागि प्रक्रिया अगाडि बढाउने हो आवश्यक यकिनका साथ निर्णय भई

आएमा गाउँपालिकाबाट सोहि अनुसारको अनुमति प्रदान गर्ने व्यवस्था मिलाइदिन गाउँ शिक्षा समिति र गाउँ कार्यपालिका समक्ष अनुरोध गर्ने

**निर्णय नं ४ :**

प्रस्ताव नं ४ उपर छलफल गर्दा तपसिलको व्यक्तिलाइ आर्थिक सहायता गर्ने ।

१) अन्नपूर्ण गाउँपालिका वडा नं २ वस्ने विवश पूर्जाले दिनुभएको निवेदन र २ नं. वडा कार्यालयको प.स. २०८१।८२, चलानी नं ४०१, मिति २०८१।०१।१४ को सिफारिस अनुसार निज विवश पुर्जाको श्रीमति हरिमाया तिलिजाले मिति २०८०।०७।१८ गते बच्चा जन्माएको र जन्मेको बच्चा र आमामा पोषणको कमी भई स्वास्थ्यमा समस्या देखिएको भन्ने सिफारिस प्राप्त भएको हुदाँ **सुरक्षित मातृत्व आकस्मिक कोषबाट खर्च लेख्ने** गरी निज हरिमाया तिलिजालाई रु ५,०००/- ( अक्षेरुपी रु पाँच हजार) आर्थिक सहायता प्रदान गर्ने ।

२) अन्नपूर्ण गाउँपालिका वडा नं २ वस्ने नौमाया फगामीले दिनुभएको निवेदन र २ नं. वडा कार्यालयको प.स. २०८१।८२, चलानी नं ४०२, मिति २०८१।०१।१४ को सिफारिस अनुसार नौमाया फगामीले मिति २०८१।०९।२० गते बच्चा जन्माएको र जन्मेको बच्चा र आमामा पोषणको कमी भई स्वास्थ्यमा समस्या देखिएको भन्ने सिफारिस प्राप्त भएको हुदाँ **सुरक्षित मातृत्व आकस्मिक कोषबाट** खर्च लेख्ने गरी निज नौमाया फगामीलाई रु ५,०००/- ( अक्षेरुपी रु पाँच हजार) आर्थिक सहायता प्रदान गर्ने ।

**निर्णय नं ५ :**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) रुप्से विल्डर्स प्रा.लि.ले मिति २०८२।०१।११ गते यस गाउँपालिकामा फर्म ठाउँसारी गराईपाउँ भन्ने निवेदन उपर छलफल गर्दा रुप्से विल्डर्स प्रा.ली.ल नामको व्यवसाय काठमाण्डौ महानगरपालिका वडा नं १० बाट अन्नपूर्ण गाउँपालिका वडा नं ३ दाना ठाउँ सार्नको लागि निवेदन सहित आवश्यक कागजातहरु पेश गरेको हुँदा अन्नपूर्ण गाउँपालिकाको 'घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५' को पहिलो संशोधन (२०८०) को दफा ६(क) मा भएको संशोधन व्यवस्था बमोजिम संशोधनको प्रतिलिपि प्रमाणपत्र जारी गरि दिने ।

२) यस गाउँपालिकाको सामाजिक आर्थिक जोखिम सूचना व्यवस्थापन प्रोफाइल निर्माण गर्न UNDP बाट हस्तान्तरण भएको SEVIMS प्रणालीमा घरधुरी सर्वेक्षण गर्न गणक तपसिलको सख्यामा देहायको योग्यता योग्यताको तोकेर १ हप्ताको सूचना प्रकाशन गर्ने ।

तपसिल

| क्र.स | वडा नं | गडक सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १, वडा नं.२, वडा नं. ८ | प्रत्येक वडामा १/१ जना | |
| २ | वडा नं. ३, वडा नं. ४, वडा नं. ५, वडा नं. ७ | प्रत्येक वडामा २/२ जना | |
| ३ | वडा नं ६ | ३ जना | |

**आवश्यक योग्यता :** नेपाली नागरिक हुनुपर्ने, मान्यताप्राप्त शिक्षण संस्थानबाट हालसालै १२ कक्षाको परीक्षा दिएको वा १२ कक्षा उतिर्ण गरेको , एण्ड्रोइड फोन भएको, मोबाईल एप्लिकेशन चलाएर नेपाली र अग्रेजी type गरि डाटा संकलन गर्ने सक्ने, १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको, सम्बन्धित वडामा बसोबास गर्ने ।

३) नेपाल पर्यटन बोर्डको मिति २०८२।१२।१५ को पत्रबाट मिति २०८१।१२।१५ को पत्रबाट मौरिस हर्जोग ट्रेलको विकास तथा प्रवर्द्धन अन्तर्गत गाउँपालिकाले साझेदारी गर्ने रु ५ लाख रकमबाट पर्यटन प्रवर्द्धनमा निम्नानुसार शीर्षकहरुमा खर्च गर्ने गरी प्रस्तावना तयार गर्ने ।

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | १ थान ट्रेकिङ्ग म्यापको होर्डिङ्ग बोर्ड बनाउने | ३०,००० |
| २ | २ थानाहेटेल, गेष्टहाउस तथा होमस्टेहरुको नामावलीको बोर्ड बनाउने | १५,००० |
| ३ | १० थान साइनपोष्ट बनाउने | ४५,००० |
| ४ | १ थान अन्नपूर्ण प्रथम आधार शिविरको लागिबोर्ड बनाउने | २५,००० |
| ५ | ढुवानी (गाडीबाट र मान्छेद्वारा ढुवानी बेनीबाट अन्नपूर्ण प्रथमको आधार शिविर सम्म | ५०,००० |
| ६ | सिमेन्ट | १,८०० |
| ७ | बोल्ट नट, पञ्जा | १,००० |
| ८ | दक्ष कामदार १५ जना ६ दिन | ५२,२०० |
| ९ | प्रवर्द्धन सम्बन्धी अन्य कार्यक्रम | १५०,००० |
| १० | अन्नपूर्ण पर्यटन महोत्सवको आयोजकहरु र स्वयं सेवकहरुको लागि आवश्यक ड्रेस खरिद | १३०,००० |